**आकाशवाणी समाचार- नेपाली**

मितिः २० नोभेम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. जनता दल युनाइटेडका नेता नीतीश कुमारले आज दशौं पटक बिहारको मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ।

२. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि छत्तीसगढ, तेलंगाना र आन्ध्र प्रदेशको तीन दिने भ्रमणमा जाँदै हुनुहुन्छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि २३ नोभेम्बरसम्म दक्षिण अफ्रिकाको भ्रमणमा जानु हुनेछ र २० औं G-२० नेताहरूको शिखर सम्मेलनमा भाग लिनु हुनेछ।

४. केन्द्रीय सहकारी मन्त्री अमित शाहले राष्ट्रिय सहकारी विकास निगम सहकारी संस्थाहरूलाई सशक्त बनाउन एक शक्तिशाली उपकरणको रूपमा देखा परेको बताउनु भएको छ।

५. भारतले युएईका नागरिकहरूका लागि **वीज़ा-ऑन-अराइवल** सुविधा विस्तार गरेको छ जसमा कोचीन, कालिकट र अहमदाबाद अन्तर्राष्ट्रिय विमानस्थलहरू समावेश छन्।

६. भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव-इफ्फी 2025 को 56 औं संस्करण आजबाट गोवामा सुरु हुँदैछ।

**बिहार एनडीए बैठक**

जनता दल युनाइटेडका नेता नीतीश कुमारले आज दशौं पटक बिहारको मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ। शपथ ग्रहण समारोह आज बिहान साढ़े एघार बजे पटनाको ऐतिहासिक गान्धी मैदानमा हुनेछ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य धेरै गणमान्य व्यक्तिहरूको उपस्थित रहनेछ। हिजो, श्री नीतीश कुमार राष्ट्रिय जनतान्त्रिक गठबन्धन -एनडीए विधायक दलको नेताको रुपमा चयन गरियो। यो निर्णय पटनामा गठबन्धनका पाँच घटक दलका नवनिर्वाचित विधायकहरूको संयुक्त बैठकमा गरिएको हो। एनडीएले हालै सम्पन्न राज्य विधानसभा चुनावमा भारी मतले विजय हासिल गऱ्यो, 243 सदस्यीय सदनमा 202 सिट जितेर एन.डी.ए. सत्तामा फर्कियो। यसअघि भारतीय जनता पार्टीका नेता सम्राट चौधरीलाई पार्टी विधायक दलको नेता र विजय सिन्हालाई उपनेता चयन गरिएको थियो।

**राष्ट्रपति भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि छत्तीसगढ, तेलंगाना र आन्ध्र प्रदेशको तीन दिने भ्रमणमा जाँदै हुनुहुन्छ। भ्रमणको पहिलो दिन राष्ट्रपतिले छत्तीसगढको अम्बिकापुरमा जनजातीय गौरव दिवस समारोहमा भाग लिनुहुनेछ।
भ्रमणको दोस्रो दिन राष्ट्रपति मुर्मुले तेलंगानाको सिकन्दराबादस्थित राष्ट्रपति निलयममा भारतीय कला महोत्सव 2025 को उद्घाटन गर्नुहुनेछ।भारतीय कला महोत्सवको दोस्रो संस्करणमा गुजरात, महाराष्ट्र, राजस्थान, गोवा, दादरा र नगर हवेली तथा दमन र दीवको समृद्ध सांस्कृतिक, पाककला र कलात्मक परम्पराहरू प्रदर्शन गरिनेछ। भ्रमणको अन्तिम दिन राष्ट्रपतिले आन्ध्र प्रदेशको पुट्टपर्थीस्थित प्रशान्ति निलयममा श्री सत्य साई बाबाको शताब्दी समारोहको अवसरमा आयोजित विशेष सत्रमा भाग लिनुहुनेछ।

**प्रधानमन्त्री - पीएम किसान**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो तमिलनाडुको कोइम्बटूरमा देशभरिका नौ करोड किसानहरूलाई सहयोग प्रदान गर्न 18 हज़ार करोड़ रुपियाँको पीएम-किसान योजनाको 21 औं किस्ता जारी गर्नुभयो। प्रधानमन्त्रीले हिजो कोयम्बटूरस्थित कोयम्बटूर जिल्ला लघु उद्योग संघ- व्यापार मेला परिसरमा दक्षिण भारत प्राकृतिक कृषि शिखर सम्मेलन 2025 को उद्घाटन गर्नुभयो। यस अवसरमा श्री मोदीले विगत 11 वर्षमा कृषि क्षेत्रमा परिवर्तनकारी सुधारहरू भएको बताउनुभयो। उहाँले किसान क्रेडिट कार्डमार्फत किसानहरूलाई 10 लाख करोड रुपियाँभन्दा बढीको सहयोग प्रदान गरिएको बताउनु भएको छ।

**बाइट - पीएम**

**प्रधानमन्त्रीको दक्षिण अफ्रिका भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलिदेखि २३ नोभेम्बरसम्म दक्षिण अफ्रिकाको जोहानेसबर्गको भ्रमणमा जानु नुहुनेछ र २० औं G-२० नेताहरूको शिखर सम्मेलनमा भाग लिनु हुनेछ। यो विकासशील देशमा आयोजना हुने लगातार चौथो G-२० शिखर सम्मेलन हुनेछ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि प्रधानमन्त्रीले शिखर सम्मेलनमा G-२० एजेन्डामा भारतको दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ। प्रधानमन्त्रीले शिखर सम्मेलनका तीनवटै सत्रहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ। G-२० नेताहरूको शिखर सम्मेलनको अतिरिक्त, श्री मोदीले जोहानेसबर्गमा केही नेताहरूसँग द्विपक्षीय बैठकहरू पनि गर्नुहुनेछ। उहाँ दक्षिण अफ्रिकाले आयोजना गर्ने भारत-ब्राजिल-दक्षिण अफ्रिका नेताहरूको बैठकमा पनि भाग लिनु हुनेछ।

**एनसीडीसी-अमित शाह**

केन्द्रीय सहकारी मन्त्री अमित शाहले राष्ट्रिय सहकारी विकास निगम (एनसीडीसी) सहकारी संस्थाहरूलाई सशक्त बनाउन र उनीहरूलाई आर्थिक सहयोग प्रदान गर्न एक शक्तिशाली उपकरणको रूपमा देखा परेको बताउनु भएको छ। श्री शाहले हिजो नयाँ दिल्लीमा एनसीडीसीको ९२ औं साधारण परिषद् बैठकलाई सम्बोधन गर्नु हुँदै भन्नु भएको छ। उहाँले चिनी मिल र दुग्ध क्षेत्रमा गोलाकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने आवश्यकतामा जोड दिनु हुँदै भन्नु भयो, यसले किसानहरूलाई प्रत्यक्ष फाइदा पुऱ्याउनेछ। देशको पहिलो सहकारी ट्याक्सी सेवा सुरु गर्न एनसीडीसीको महत्वपूर्ण भूमिकालाई उल्लेख गर्नु हुँदै श्री शाहले यसले चालकहरूलाई उल्लेखनीय फाइदा प्रदान गर्ने बताउनु भयो। उहाँले नयाँ बहु-राज्य सहकारी दर्ता भएको र प्राविधिक प्रगतिसँगै चालकहरूको भर्ती अहिले भइरहेको बताउनु भयो।

श्री अमित शाहले भन्नु भयो, विगत केही वर्षहरूमा, एनसीडीसीले सहकारीहरूलाई गर्ने आर्थिक सहयोग चार गुणा बढेर लगभग ९५ हजार करोड पुगेको छ। उहाँले यो पनि भन्नु भयो, एनसीडीसीको सहयोगमा एक हजारभन्दा बढी माछा किसान उत्पादक संस्थाहरू एफएफपीओ सशक्त बनेका छन्। श्री शाहले एनसीडीसीले दुग्ध, पशुधन, मत्स्यपालन र महिला सहकारीमा विशेष ध्यान केन्द्रित गर्दै बीस हजार करोड़ आबंटित गर्ने बताउनु भएको छ।

**भिसा-यूएई**

भारतले युएईका नागरिकहरूका लागि **वीज़ा-ऑन-अराइवल** सुविधा विस्तार गरेको छ जसमा कोचीन, कालिकट र अहमदाबाद अन्तर्राष्ट्रिय विमानस्थलहरू समावेश छन्। यो सुविधा पहिले नै नयाँ दिल्ली, मुम्बई, कोलकाता, चेन्नई, बेंगलुरु, हैदराबाद र कोची विमानस्थलहरूमा उपलब्ध छ। युएईका नागरिकहरूले अब भारतका नौ प्रमुख विमानस्थलहरूमा यो सुविधा पाउनेछन्। यो सुविधा पहिले भारतीय ई-भिसा वा नियमित कागजी भिसा प्राप्त गरेका नागरिकहरूलाई मात्र उपलब्ध छ। यस योजना अन्तर्गत भारत यात्रा गर्ने युएईका नागरिकहरूले ६० दिनसम्म भारतमा बस्न सक्छन् र पर्यटन, व्यवसाय, सम्मेलन वा चिकित्सा उद्देश्यका लागि प्रवेश गर्न सक्छन्। यो भिसाले ६० दिनको अवधिभित्र दुई पटक भ्रमण गर्न अनुमति दिन्छ। आवेदकहरूसँग कम्तिमा छ महिनाको वैधता भएको पासपोर्ट हुनुपर्छ।

**इफ्फी 2025**

भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सव-इफ्फी 2025 को 56 औं संस्करण आजबाट गोवामा सुरु हुँदैछ। यो विशिष्ट समारोह विश्वभरिका फिल्महरूको भव्य उत्सवको रूपमा मनाइन्छ।नौ दिनसम्म चल्ने महोत्सवमा 81 देशका लगभग 240 फिल्महरू प्रदर्शन गरिनेछन्। जापानलाई **फोकस कंट्री**को रूपमा प्रस्तुत गरिनेछ।

**बाइट**

गोवाका मुख्यमन्त्री डा. प्रमोद सावन्तले हिजो साँझ कार्यक्रम स्थलको भ्रमण गर्नुभयो र तयारीको अवलोकन गर्नुभयो। मुख्यमन्त्रीका साथ सूचना तथा प्रसारण मन्त्रालयका सचिव संजय जाजु पनि सामेल हुनेछन्। यस वर्ष पनि, IFFI ले बाल्यकालका धेरै रंगहरू प्रदर्शन गर्न संयुक्त राष्ट्र बाल कोष (UNICEF) सित साझेदारी गरेको छ।

**उत्तर प्रदेश - एसआईआर**

उत्तर प्रदेशका मुख्य निर्वाचन अधिकारी नवदीप रिनवाले राज्यका सबै मतदाताहरूलाई विशेष गहन संशोधन अभियान (एसआईआर) मा सक्रिय रूपमा भाग लिन अपील गर्नुभएको छ। उहाँले मतदाताहरूलाई मतदाता सूची गणना फारामहरू सावधानीपूर्वक भर्न र बीएलओहरूलाई फिर्ता गर्न आग्रह गर्नुभयो। बीएलओहरूले हस्ताक्षर गरेका फारामहरू प्राप्त गर्ने मतदाताहरूलाई ९ डिसेम्बरमा प्रकाशित हुने आगामी मतदाता सूचीमा समावेश गरिनेछ।राज्यका सबै जिल्लाहरूमा एसआईआर अभियान सफलतापूर्वक चलिरहेको छ। गोरखपुरमा, जिल्ला निर्वाचन अधिकारी दीपक मीनाले जनप्रतिनिधिहरू र विभिन्न राजनीतिक दलका सदस्यहरूसँग बैठक गर्नुभयो। उहाँले एसआईआर गणना फारामहरूको शत-प्रतिशत पूर्ति सुनिश्चित गर्न सहयोगको लागि आह्वान गर्नुभयो।

**बाइट**

**अस्ट्रेलियन ओपन**

सिड्नीमा आयोजित अस्ट्रेलियन ओपन सुपर 500 ब्याडमिन्टन टूर्नामेंटमा, भारतीय शटलर लक्ष्य सेन र एचएस प्रणय हिजो पुरुष एकलको दोस्रो चरणमा प्रवेश गरे। पेरिस ओलम्पिक 2024 को सेमिफाइनलमा पुगेका लक्ष्यले चीनी ताइपेका सु ली-याङलाई 21-17, 21-13 ले पराजित गरे।

**आईसीसी-पुरुष अंडर-19**

अन्तर्राष्ट्रीय क्रिकेट परिषदले आईसीसी अंडर-19 पुरुष क्रिकेट विश्व कप 2026 को म्याचको कार्यक्रम तालिका जारी गरेको छ । ज़िम्बाब्वे अनि नामीबियाले विश्व कपको संयुक्त मेजबानी गर्नेछ । यो प्रतियोगिता 15 जनवरी देखि 6 फ़रवरी 2026 सम्म चल्नेछ।

****** ० ******